'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ६१ सोमवार १२ कार्तिक, २०८१ 28 (Monday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### नौवस्ता औद्योगिक क्षेत्र १० वर्ष देखि विवादै विवादमा

## विवादित बस्तीलाई यथावत राखी औद्योगिक क्षेत्र निर्माणको काम शुरु गर्ने सहमति

भीम रावत

कोहलपुर, कार्तिक/११




दश वर्ष अघिदेखि नै चर्चामा रहेको बैजनाथ गाउँपालिकामा पर्ने नौवस्ता औद्योगिक क्षेत्र निर्माण गर्ने कार्य स्थानीयहरुको अवरोध र विवादका कारण हरेक वर्षको विनियोजित बजेट समेत फ्रिज हुँदै आएको छ । चालु आर्थिक वर्षमा पनि रु ५० करोड बजेट विनियोजन गरिएको छ । नेपाल सरकारले २०७२ साल चैत १ गते साविकको नोवस्ता गाविसमा उत्तरमा रत्न राजमार्ग, दक्षिणमा डिगिया डाँडा, पूर्वमा गाभर, पश्चिममा पितमारी गरी यति चार किल्ला तोकी ५२५ बिघामा औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा गरेको थियो । २०७३ जेठ २७ गते नापी कार्यालयबाट कर्मचारी खटाई जग्गाको नापजाँचपछि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई ३३८ बिघाको जग्गाधनी पुर्जा हस्तान्तरण गरिएको थियो । सो औद्योगिक क्षेत्रमा उद्योगहरूलाई चाहिने बाटो, बिजुली र पानीको व्यवस्था गरिने, औद्योगिक क्षेत्रमै उद्योग दर्ता, कर कार्यालय र भन्सार कार्यालय स्थापना गर्न मिल्ने आवश्यक संरचनाहरू सहितको डिपिआर समेत तयार पारिएको छ । यही डिपिआर अनुसार पाँच वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी आर्थिक वर्ष २०७७/०७८ देखि निर्माण सुरु गरिएको थियो । २०७७ साल फागुन ११ गते तत्कालिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले नौबस्ता औद्योगिक क्षेत्रको शिलान्यास समेत गरेका थिए । तर औद्योगिक क्षेत्र बनाउने स्थानमा बस्ती बसिरहेको र उनीहरु आफ्नो अन्य स्थानमा उचित वासस्थानको व्यवस्था नभए सम्म सो स्थान छोड्न नमानेका कारण हालसम्म डिपिआर निर्माण बाहेक कुनै काम अघि बढ्न सकेको छैन । औद्योगिक क्षेत्र तोकिएको स्थानमा अहिले पनि २६८ वटा घरटहराहरु बनाई मानिसहरु बसिरहेकाका छन् । जग्गाधनी पूर्जा हस्तान्तरण गरिएको ३३८ विघा जग्गामा समेत घरटहरा बनाइएपछि औद्योगिक क्षेत्र निर्माणको काम अघि बढ्न नसकेको आयोजना कार्यालयले जनाएको छ । गत वर्ष त्यहाँ बसिरहेका मानिसहरुलाई उठाउन खोज्दा उनीहरुले आन्दोलन गरेका थिए । आफूहरूको उचित व्यवस्थापन नभई जमिन नछाड्ने अडानमा स्थानीयहरु रहेकाले औद्योगिक क्षेत्र निर्माणको काम अघि बढ्न नसकेको हो । हालै बाँके जिल्लाका विभिन्न सरोकारवालाहरूको उपस्थितिमा भएको सर्वपक्षीय छलफलमा विवादित बस्तीलाई अहिले नचलाएर औद्योगिक क्षेत्र निर्माणको काम अघि बढाउने सहमति भएको नौबस्ता औद्योगिक क्षेत्र आयोजना कार्यालयका जनरल म्यानेजर पदम ओलीले जानकारी गराए । सर्वपक्षीय छलफलमा बाँकेका राजनीतिक दलका प्रतिनिधि, बैजनाथ गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर शाही लगायतका जनप्रतिनिधिहरू र सम्बन्धित सरोकारवाला निकायका प्रमुख एवम् उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । व्यवसायीहरुले उद्योग सञ्चालनका लागि आशयपत्र समेत दर्ता गरिसकेको आयोजनाले जनाएको छ ।

## भेटियो दुर्लभ जङ्गली याक

नमस्ते समचारदाता

डोल्पा, कार्तिक/११



डोल्पाको श-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा दुर्लभ जङ्गली याक फेला परेको छ । सो क्षेत्रमा गरिएको अध्ययनका क्रममा निकुञ्जमा भाले जङ्गली याक भेटिएको खुलासा गरिएको छ । वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सो जङ्गली याकको 'फोटो फ्रेम' अनावरण गरेको छ । स्थानीय नागरिक वैज्ञानिक सोनाम वाङ्दीले सो याकको तस्बिर खिचेको हुन । सो जङ्गली याक शे-फोक्सुन्डो गाउँपालिका-१ सल्दाङस्थित क्षेत्रमा भेटिएको हो । चार हजार ६ सय २३ मिटरदेखि चार हजार नौ सय ३५ मिटर उचाइ रहेको सो स्थानमा उक्त जङ्गली याक गत जुलाई २३ देखि २६ सम्म देखिएको विभागको तथ्याङ्क छ । यो अध्ययन स्थानीय समुदायको पूर्व जानकारी पश्चात् निकुञ्ज विभागको अगुवाइमा शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज र विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालको सहकार्यमा सम्पन्न भएको थियो । विगतमा तथ्याङ्क अभाव तथा स्थानीय समुदायका अनुसार जङ्गली याक लोप हुने अवस्थामा रहेको मानिएको थियो । जङ्गली याक प्रायः समुद्री सतहबाट चार हजार आठ सय २५ मिटरको उचाइमा पाइन्छ । यस अध्ययनका क्रममा स्थानीयका साथै युवा वैज्ञानिकहरू सोनाम वाङ्दी र उर्गेन गुरुङको महत्वपूर्ण योगदान रहेको डब्लुडब्लुएफ नेपालका पर्वतीय कार्यक्रम व्यवस्थापक सेरेन श्रेष्ठले जानकारी दिएका छन् । उनका अनुसार यो जङ्गली याक देखिएको क्षेत्रबाट पश्चिमतिर चीनको सीमा नजिक पनि अर्को जङ्गली याक देखिएको स्थानीयले जानकारी दिएका छन् । उनले भने, 'तर यही हो वा अर्को जङ्गली याक हो विस्तृत अध्ययन विना भन्न सकिने अवस्था छैन । चीन, भारत र नेपालका हिमाली क्षेत्रमा पाइने जङ्गली याकको नेपालमा खासै तथ्याङ्क छैन ।' नेपालमा पहिलोपटक अनुसन्धानकर्ताहरूले हुम्लामा सन् २०१४ मा जङ्गली याक देखेका र पहिलो आधिकारिक तस्बिर पनि सोही समयमा सार्वजनिक गरिएको थियो । नेपालमा वन चौँरी पनि भनेर चिनिने जङ्गली याक विश्वव्यापी रूपमा चीन, भारत र नेपालको मूल रैथाने प्रजाति हो । जङ्गली याक खासगरी अल्पाइन टुण्ड्रा क्षेत्रको घाँसेमैदान र चिसो मरुभूमि क्षेत्रहरूमा पाइन्छ । जाडोमा तल्लो उपत्यकाहरूमा झर्दै, मौसमी रूपमा सर्ने गर्छ । जङ्गली याक प्रायः उत्तरी सिमाना छिमेकी चीनको तिब्बतसँग जोडिएका हिमाली क्षेत्रमा बढी रहने गरेको अनुमान गरिन्छ । नेपालमा यस प्रजातिको जनसंख्याको बारेमा कुनै जानकारी उपलब्ध छैन । हुम्ला जिल्लाको लिमी उपत्यकामा सन् २०१४ मा पुनः पत्ता नलागेसम्म जङ्गली याक लोप भइसकेको मानिन्थ्यो । विश्वव्यापी रूपमा जङ्गली याकलाई आइयुसिएनले 'रेड लिस्ट'ले जोखिममा राखेको छ । नेपालमा राष्ट्रिय रूपमा यसलाई तथ्याङ्क अभावका रूपमा वर्गीकृत गरिएको छ । ***बाँकी ३ पेजमा...***


## सरकारले नखरिद्दा सस्तोमा धान बिक्री गर्न बाध्य

नमस्ते समचारदाता

बाँके, कार्तिक/११



पश्चिम नेपालका सबैभन्दा बढी धान उत्पादन हुने जिल्लाहरु मध्ये एक बाँकेमा सरकारले समयमा धान खरिद नगर्दा सस्तोमा धान बिक्री गर्न बाध्य भएको किसानहरुले गुनासो गरेका छन् । उनीहरुले सरकारले समयमै धानको मूल्य निर्धारण गरे पनि खरिद कार्य शुरु नगर्दा व्यापारीहरुले सस्तो मूल्यमा धान खरिद गरिरहेकोले बाध्य भएर बिक्री गर्नुपरेको जनाएका छन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिद प्रक्रिया सुरु नगरेकोले स्थानीय किसानले सरकारले तोकेको मूल्यभन्दा सस्तोमा व्यापारीलाई धान बिक्री गर्नुपर्ने बाध्यता रहेको बाँके नौबस्ताका किसान शङ्करसिंह थारुले बताउनुभयो । उहाँले सरकारले यस वर्ष मोटो धानको मूल्य प्रति क्विन्टल तीन हजार ४१० रुपियाँ तोकेकोमा व्यापारीले तीन हजारभन्दा बढीमा खरिद नगर्दा ४०० रुपियाँ नोक्सानी सहनुपरेको बताउनुभयो । चाडपर्वको समयमा पैसाको आवश्यकता परेकोले धान बिक्री गर्नुपरेको जनाउँदै किसान थारुले सरकारले मूल्य तोक्नुका साथै शुरुबाटै धान खरिद पनि सुरु गर्नुपर्ने माग गर्नुभयो । सोही प्रकारले बाँके जानकी ५ का किसान रामनरेश यादवले पैसाको जरुरी काम परेको बेला सरकारले तोकेको मूल्यमा व्यापारीले धान खरिद नगर्दा सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता आएको बताउनुभयो । उहाँले सरकारले तोकेको मूल्यमा नै धान खरिद गर्नका लागि व्यापारीहरुको मिलमा सम्बन्धित निकायले नियमित अनुगमन गर्नु आवश्यक रहेको बताउनुभयो । अहिले बाँकेका विभिन्न स्थानमा सरकारले तोकेको भन्दा प्रति क्विन्टल ४०० रुपियाँ कममा व्यापारीले धान खरिद गरिरहेका छन् । नेपालगन्ज, खजुरा र कोहलपुरका व्यापारीले मोटो धानको प्रति क्विन्टल तीन हजार भन्दा बढी मूल्य दिन नमानेपछि अधिकांश किसानले बाध्य भएर सस्तोमा बिक्री गरिरहेको बताएका छन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जका प्रमुख रामशरण लामिछानेले धान खरिदका लागि मूल्य तोकिएपनि बाँकेबाट कति धान खरिद गर्ने भन्ने कोटा निर्धारण नगरिएकोले धान खरिद सुरु नभएको बताउनुभयो । उहाँले कोटा निर्धारण गरेर केन्द्रबाट खरिद गर्ने निर्देशन आएलगत्तै बाँकेमा पनि किसानका धान सरकारी दररेटमा खरिद गरिने बताउनुभयो । धानखेती भएको क्षेत्रलाई आधार मान्दा यस वर्ष बाँकेमा एक लाख ५० हजार मेट्रिक टन धान उत्पादन हुने आँकलन गरिएको छ । यस वर्ष बाँकेमा गत वर्षभन्दा १५ प्रतिशत धान उत्पादन वृद्धि हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ ।



सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## समय मै डेंगु नियन्त्रण नभए भयाबह स्थिति आउन सक्छ

नेपालमा पहिलो पटक हिमाली जिल्ला सहित ७७ वटै जिल्लामा डेंगु संक्रमण देखिएको छ भने शनिबार सम्मको तथ्याङ्क अनुसार २७ हजार भन्दा बढी व्यक्तिमा डेंगु संक्रमण भइसकेको स्वास्थ्य मन्त्रालयले गरेको छ । प्रायः प्रत्येक वर्ष नै वर्षातको समय सकिए पश्चात डेंगु देखिने गर्दछ । यो मौषममा डेंगु देखा पर्न सक्ने संभावना सधै रहन्छ । तर नेपालको सरकार र सरकारका नीति बनाउनेहरु रोग लाग्नु भन्दा अघि थाहा भएको विषयलाइ पनि नजरअन्दाज गरेर बस्दछन् । अत्यत्यै चिसो हुने र अग्ला भूभाग भएका हिमाली जिल्लाहरुमा समेत लामखुट्टे फैलिएपछि डेंगुको जोखिम थप बढेको छ । महाशाखाका अनुसार असोजकोदोश्रो हप्ता सम्म हुम्ला बाहेक अरु जिल्लाहरुमा देखापरिसकेको डेंगु २१ असोजमा हुम्लाका ५४ वर्षीय गौरासिंह बोहरालाई डेंगु देखिए सँगै नेपालका ७७ वटै जिल्लाहरुमा डेंगु संक्रमण देखा परिसकेको छ । वरिष्ठ सरुवारोग विशेषज्ञ डा.शेरबहादुर पुनले सरकारले मनसुन सुरु हुनुअघि नै डेंगु नियन्त्रणमा चासो देखाएको भए अहिलेको जस्तो भयावह अवस्था नआउने बताए बाट नै पुष्टि हुन्छ कि सरकारले समय मै ध्यान नदिएका कारण यस पटक नेपाल भरी नै डेंगु फैलिएको हो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले डेंगु नियन्त्रणमा राज्यले अघि सारेका रणनीति र कार्यनीति कमजोर भएको स्विकार गर्नुले प्रष्ट हुन्छ कि नेपाल सरकारले सरुवा रोग नियन्त्रण गर्ने कति कमजोर रणनीतिहरु बनाउदो रहेछ । सरकारले बनाएका रणनीति र कार्यनीतिले काम नगर्दा डेंगु संक्रमण फैलिएको छ । डेंगुलाई रोकथाम गर्नको लागि लामखुट्टेलाई टोक्न नदिनु र लामखुट्टेका प्रजननस्थलहरू पानी जमेका ठाउँहरू नष्ट गर्नु जरुरी हुन्छ।


# युवा पलायन न्यून गर्ने सूत्र

**भरत गौतम**

आर्थिक अवसर बढी हुने ठाउँमा मानिसको आकर्षण बढ्दो छ। अर्थतन्त्र बलियो भएका देश अरू देशका काबिल जनशक्ति भित्र्याउन विभिन्न अवसरबाट प्रभावित गराउँछन् । विकसित देशले सक्षम जनशक्ति तान्ने सिद्धान्त ब्रेन ड्रेनले गर्दा अन्य देशमा श्रम व्यवस्थापनमा समस्या देखिएको छ। सबल अर्थव्यवस्था हुन नसकेका देशले सक्षम जनशक्तिलाई स्वदेशमै टिकाउन हम्मेहम्मे परेको छ । सक्षम बाहिरिँदा दक्ष जनशक्ति अभावमा समग्र क्षेत्रमा समस्या देखिन सक्ने अनुमान गर्न थालिएको छ । नेपालमा पनि दक्ष जनशक्ति स्वदेशमा टिकाउन सकिएको छैन । अन्य क्षमताका जनशक्ति पनि स्वदेशको अवसर नदेखेको अवस्था छ। गाउँबाट सहरमा बसाइँसराइ गर्ने सहरबाट विदेश जान सक्रिय हुने प्रवृत्ति बढ्दो रहेकाले जनसंख्या व्यवस्थापनमा चुनौती बढ्दै गएका छन् । राज्यले विकासको सञ्जाल गाउँसम्म लैजाँदै छ तर गाउँका घर रित्तिँदै गएका छन् । अर्को सकारात्मक पक्ष विप्रेषणको प्रभाव अनुकूल हुँदै गएको देखिन्छ। स्वदेशमा काम गर्ने जनशक्तिको अभाव हुने अवस्था एकातिर छ भने अर्कोतिर स्थानीय समाजिक र संस्कारगत कर्ममा समेत समस्या देखिएका छन् । अहिलेको बिदेसिने दरलाई कम गर्न सकिएन भने सामाजिक र आर्थिक पक्ष कमजोर हुने अनुमान गर्न थालिएको छ। राज्य तहबाट स्वदेशमै श्रम व्यवस्थापन अनुकूल बनाउने सोचको स्पष्टता देखिएको छैन । नेपाली अवसर भएका देशमा पुगिसकेका र धेरै जनशक्ति धकेल्ने सिद्धान्तबाट बिदेसिएकाले त्यस्ता जनशक्तिको नकारात्मक पाटो बढी छ। विदेश मोह बढ्दै गएको र रोकथाम गर्ने गर्न नसकिएको अवस्थाको विषय र विदेश मोह हुनुका कारण तथा समाधानका उपायका बारेमा चर्चा गर्न खोजिएको छ।

### अवसरको खोजी

विश्वव्यापीकरणको अवसर व्यक्तिले पनि पाउनु पर्छ । विश्वव्यापीकरणको सिद्धान्तले सीमारहित उच्च स्तरको अवसर र सेवालाई इङ्गित गर्छ। मानिसले आफ्नो ज्ञान र क्षमताको अवसर उपयोग गर्न स्वदेश मात्र प्रयाप्त हुँदैन। अहिलेको




विश्वले अब्बल ज्ञान उपयोगको अवसरका लागि ढोका खुला गरेको छ। प्रविधिको उपयोग गरी संसारभरिको अवसरको सूचना प्राप्त गर्न र आफूलाई प्रतिस्पर्धामा उतार्न पाउने भएकाले जन्मभूमि बाहिर कर्म गर्न सजिलो भएकाले विदेश मोह बढ्दै गएको हो । स्वदेशमै श्रम उपयोग हुन सक्ने बनाउन व्यावसायिक वातावरण बनाई रोजगारी सिर्जना गर्नेतर्फ ध्यान दिन आवश्यक छ। राज्यको आर्थिक सम्भावना भएका क्षेत्र पर्यटन, जलस्रोत, सूचना प्रविधि, वन तथा कृषि, खानीका क्षेत्रमा व्यावसायिकमैत्री वातावरण बनाई मानव स्रोतको उपयोगमा ध्यान दिन रणनीतिक योजनासहित अघि बढ्नु पर्ने देखिन्छ। प्राकृतिक स्रोत, प्रविधि र मानव स्रोतबिच सकारात्मक वातावरणबाट स्वदेशमै व्यवसाय र रोजगारी गर्न सक्ने अनुकूल अवस्था सिर्जना गर्न सार्वजनिक र निजी क्षेत्र लाग्नु पर्ने हुन्छ।

### स्वदेशभित्रको सम्भावना

राज्यको राजनीतिक, आर्थिक र समाजिक संरचना र अवसरको सम्भावना बिचमा कस्तो संयोग छ त्यसले पनि युवा पुस्तामा प्रभाव पार्दो रहेछ । नेपालमा प्रत्येक वर्ष थप चार लाख जनशक्ति काम गर्न योग्य देखिएका छन् तर राज्यले एक लाख जनशक्ति मात्र उपयोग हुन सक्ने अवस्था छ । अरू जनशक्ति मौसमी रोजगारी वा अर्धरोजगार हुने र बेरोजगार बन्ने प्रवृत्ति छ। हाम्रो मुख्य सम्भावना पर्यटन, ऊर्जा, कृषि, खानी र सूचना प्रविधिलगायतका क्षेत्रमा यथेष्ट रोजगारी सिर्जना गर्न सकिएको छैन । निजी क्षेत्रको रोजगारीमा सबैको पहुँच नभएको भनाइ छ । रोजगारीको माग पक्षभन्दा आपूर्ति पक्ष बढी भएकाले ज्याला जीवन निर्वाहका लागि पर्याप्त छैन। यस्तो अवस्थामा विदेशमा रोजगारीका लागि जानुपर्ने बाध्यता नै छ । अवसरको बढोत्तरी गर्ने विषयले स्वदेशभित्रको सम्भावना प्रस्ट्याएको छ। सार्वजनिक क्षेत्रको कार्य कुशलता र निजी क्षेत्रको लगानीमा उत्साहले स्वदेशको सम्भावनाको बढोत्तरी गर्छ । विदेशी लगानी र प्रविधिको उपयोग गर्न राज्यले प्रभावकारी कदम चाल्नु पर्ने र स्वदेशको अवसरलाई बढाई मानवस्रोत उपयोग गर्न सके बिदेसिनु पर्ने दबाब कम हुँदै जान सक्छ।

### शिक्षा प्रणालीको प्रभावकारिता

युवा जनशक्तिलाई रोजगारी गर्न सक्ने बनाउन शिक्षामा लगानी गर्नु पर्ने हुन्छ। शिक्षाले राजगारीका अवसर केन्द्रित सिप र ज्ञान दिनु पर्छ । हाम्रो शिक्षा प्रणाली नवपर्वतनीय ज्ञान र श्रम बजार प्रेरित हुन सकेको छैन । शिक्षा प्रणाली गरिखाने जनशक्ति उत्पादनमा चुकेको छ। सिपमूलक व्यावसायिक तालिम पनि प्रभावकारी हुन सकेको छैन । विश्वविद्यालय खुल्ने क्रम जारी छ । शिक्षा प्रणालीमा कहाँ कमजोरी छ र सुधार गर्न के गर्नु पर्छ भन्नेतर्फ ध्यान जान सकेको देखिँदैन । उच्च शिक्षा पढेका धेरै जनशक्ति बेरोजगार छन् । सिप र ज्ञानलाई बजारमा बेच्न नसक्दा विदेशमा जानु परेको छ। केही काबिल जनशक्ति भने विश्व बजारमा तान्ने सिद्धान्तबाट बिदेसिएका छन् । शिक्षालाई श्रम बजार, नवपर्वतनीय सोच, जनजीविका र व्यवसायसँग जोड्न आवश्यक छ । शिक्षाले सिप ज्ञान र कार्यकुशलता बढाउन लाग्नुपर्नेमा हाम्रो शिक्षा पुरातनवादी भएको आरोप छ । केही काबिल जनशक्ति उत्पादन भए पनि उनीहरूको उपयोग गर्न नसक्दा बाहिरिएका छन्। राज्यले दक्ष जनशक्ति उत्पादन गर्न व्यावसायिक सिप र उच्च शिक्षा समयसापेक्ष बनाउन लगानी बढाउनु पर्ने र विश्वको शिक्षा प्रणालीलाई आत्मसात् गरी विकाउ जनशक्ति उत्पादनमा ध्यान दिन आवश्यक छ।

### शासकीय पद्धतिको प्रभाव

नेपालमा राजनीतिले राम्रो गति लिन नसकेकाले होनहार युवा बिदेसिन बाध्य भएका छन् भन्ने भनाइ छ । अस्थिर राजनीति, भ्रष्टाचार बढ्दो, भनसुनको प्रवृत्ति, जनजीविका र व्यावसायिकता प्रवर्धनमा उदासीनता, रोजगारीका अवसरको कमी, गुणस्तरीय शिक्षामा कमजोर अवस्था जस्ता शासकीय पद्धतिका कमजारीले पनि युवा शक्ति निराश भई बिदेसिन चाहन्छन् । राजनीतिक दूरदृष्टि नहुनु,, प्रतिबद्धताको कमजोर अवस्था र सेवा प्रवाहमा झन्झट धेरै भएकाले युवा पुस्ता निरूत्साहित भई बाहिरिने दर बढ्दो छ । राजनीतिले शासनको बागडोर समाल्ने र जनतालाई असल नेतृत्वबाट उत्साहित गर्नु पर्नेमा स्पष्ट दृष्टि देखिन सकेको छैन। युवा पुस्तामा असल शासनको अनुभूति नहुँदा स्वदेशप्रतिको मोहमा ह्रास हुँदै गएको छ। शासन पद्धतिमा देखिएका विकृति अन्त्य गरी दूरदृष्टि भएका युवा नेतृत्वमा जान सक्ने अवस्था सिर्जना गर्ने, कानुनी शासनमा जोड दिने, जनजीविका र व्यावसायिकताका लागि उत्साहजनक वातावरण बनाउने र विश्वको प्रगतिको लाभ प्राप्त गर्न सक्षम हुने विषयमा शासन पद्धति सक्षम हुनु पर्छ र युवा पलायन हुन उत्साहित हुँदैनन् ।

### विदेशका सुविधाप्रति मोह

विदेशमा ग्रिन कार्ड, स्थायी बस्न अनुमति र नागरिकको दर्जा जस्ता सुविधा उपयोग गरी गुणस्तरीय जीवन बिताउनेको जमात बढ्दै गएकाले स्वदेशका युवा विदेशमा लालायित हुनु स्वाभाविक हो । विदेशमा काम गर्न अवसर धेरै हुने, उपयुक्त तलब सुविधा र जुनसुकै कामलाई पनि इज्जत र मर्यादा हुने हुँदा जस्ता पनि काममा बिदेसिन आतुर देखिएको पाइन्छ । विदेशमा काम गर्दै पढ्ने जमातको बढ्दो आकर्षणले पनि स्वदेशभन्दा विदेशमै अध्ययन प्राथमिकतामा पर्न थालेको छ । पढ्न गएका धेरै युवा स्वदेश फर्कंदैनन् र जसरी पनि गन्तव्य देशमा रोजगारी र स्थायी बसोबासका लागि प्रयत्न गरिरहेका पाइन्छन् ।

*-गोरखापत्र*

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# बजेट अभावमा योजना अलपत्र

■ नमस्ते समचारदाता
नेपालगन्ज, कार्तिक/११



धार्मिक पर्यटन प्रवर्द्धन गर्न सुरु भएको धार्मिक पर्यटनमार्ग योजना बजेट अभावका कारण अलपत्र छ। जिल्लामा रहेका ऐतिहासिक मन्दिर तथा पर्यटकीयस्थललाई समेटेर निर्माण गर्ने भनिएको पर्यटन मार्गको काम बजेट अभावमा कार्यान्वयन हुननसकेको हो। जिल्लाका प्राचीन मन्दिर तथा धार्मिक क्षेत्रलाई नेपालगञ्जस्थित वागीश्वरी मन्दिरसम्म जोड्दै बैजनाथको गाभरमा रहेको पारिजात बगानसम्म पुऱ्याउने पर्यटन मार्गको योजनाले गति नलिएको धार्मिक पर्यटन मार्ग संरक्षण तथा प्रवर्द्धन समितिका अध्यक्ष कृष्ण भुसालले बताउनुभयो। प्रस्तावित पर्यटन मार्गमा बाँके राप्तीसोनारी गाउँपालिका-१ स्थित शिवमन्दिर, वडा नम्बर ३ बैजापुरस्थित भुवरभवानी मन्दिर वडा नम्बर ४ स्थित वर्फानी बाबा, वडा नम्बर ७ फत्तेपुरस्थित पोखरामाता मन्दिर, नरैनापुरको सन्तानेश्वर महादेव मन्दिर हुँदै नेपालगञ्जको वागीश्वरी मन्दिरलाई समेटिएको छ। त्यसैगरी कोहलपुरको कालिका मन्दिर, रामजानकी मन्दिर हुँदै बैजनाथ गाउँपालिकामा रहेको मानसरोवर प्रतीकस्थलमा पुऱ्याउने र अन्तिममा गाभरक्षेत्रमा रहेको पारिजात बगानमा पुऱ्याउने गरी मार्ग तय गरिएको अध्यक्ष भुसालले बताउनुभयो। "जिल्लामा रहेका कतिपय ऐतिहासिक मठमन्दिरको प्रचार प्रसार र संरक्षण नहुँदा जीर्ण छन्भने आफ्नै गाउँठाउँका धार्मिक पर्यटकीय स्थलको वारेमा जिल्लावासीलाई जानकारी छैन", अध्यक्ष भुसालले भन्नुभयो, "धार्मिक पर्यटकीय क्षेत्रको प्रचार एवं संरक्षण गर्न समिति प्रयासरत छ।" पर्यटनमार्ग बनाएर प्रचार प्रसार गर्दा एकैपटक धेरै धार्मिक स्थलको अवलोकन गर्न सकिने भएकोले यसले पर्यटन प्रवर्द्धनमा सकरात्मक भूमिका निर्वाह गर्ने जिल्ला पर्यटन प्रवर्द्धन समितिका संयोजक कृष्णप्रसाद श्रेष्ठले बताउनुभयो। प्रस्तावित पर्यटनमार्गले सहरका आन्तरिक पर्यटकलाई गाउ-गाउँसम्म पुग्ने र समाज बुझ्ने अवसर प्रदान गर्ने गाभर भ्याली सामुदायिक होमस्टेका अध्यक्ष कृष्ण चौधरीले बताउनुभयो। उहाँले गाभरमा रहेको पारिजात बगानलाई समेत मार्गमा समेटिएकोले यसले समग्र गाभर क्षेत्रकै पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो। बाँकेका सन्तानेश्वर, बावा बर्फानी, भुवर भवानी लगायत पर्यटकीय क्षेत्रमा दैनिक सर्वसाधारण जाने गरेका छन्भने वागीश्वरी मन्दिरमा प्रत्येक सोमवार हुने महाआरतीमा भक्तजनको भीड लाग्ने गरेको छ। बाँके क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य सूर्य ढकालले जिल्लाका ऐतिहासिक मठ मन्दिर तथा धार्मिक स्थलको प्रवर्द्धन र संरक्षणका लागि चालु उहाँले पर्यटनमार्ग निर्माणमा बजेट उपयोग गरिने जानकारी दिनुभयो। रासस

# एकीकृत स्वास्थ्य योजना आवश्यक : मन्त्री भण्डारी

■ नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/११





कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले तीन तहका सरकार मिलेर एकीकृत स्वास्थ्य योजना बनाउन अत्यावश्यक रहेको बताउनुभएको छ। कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले रुकुमपश्चिमको मुसीकोटमा स्थानीय तहका पदाधिकारी तथा स्वास्थ्यकर्मीहरूका लागि आयोजना गरेको मानसिक स्वास्थ्य विषयक अभिमुखीकरण कार्यक्रममा मन्त्री भण्डारीले जनताको स्वास्थ्य सवालमा गम्भीर बन्न आवश्यक रहेको बताउनुभयो। उहाँले पछिल्लो समय मानसिक स्वास्थ्यको अवस्था थप गम्भीर बन्दै गइरहेकोले समस्या समाधानका लागि सबै क्षेत्र जिम्मेवार बन्नुपर्ने उल्लेख गर्नुभयो। मन्त्री भण्डारीले जनप्रतिनिधि र कर्मचारीहरूलाई बहानाबाजी गरेर काम नगर्ने छुट नरहेको समेत बताउनुभएको छ। उहाँले अरूको दबाबबाट भन्दा पनि आफै केही गर्छु भन्ने वाचाका साथ राजनीतिमा जोडिएको हुनाले जिम्मेवारीबाट पन्छिन नहुनेमा जोड दिनुभयो। उहाँले स्थानीय सरकार सबैभन्दा नजिकको सरकार भएकाले जनताको गुनासो तथा गाली बढी मात्रामा आउने गरेको यथार्थता रहकोले त्यसलाई स्वीकार गरेर थप जनमैत्री बन्ने अवसरका रूपमा लिन आग्रह गर्नुभयो। उहाँले चुनावपछि जनप्रतिनिधिहरू साझा बन्न नसकेकोले पनि बढी आरोप लाग्ने गरेको जनाउनुभयो। संविधानले आवश्यक हक तथा अधिकार व्यवस्था गरेको स्पष्ट पारेकाले नागरिकको कर्तव्य र दायित्व पनि अनुभूत गराउन आवश्यक रहेको उहाँको भनाइ छ।

## भेटियो...

नेपालमा यस प्रजातिको कानूनी स्थिति राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनद्वारा संरक्षित छ। त्यसैगरी, साइटिसले परिशिष्ट १ प्रजातिमा जङ्गली याकलाई सूचीकृत गरेको निकुञ्ज विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी गराएकाछन्। उनका अनुसार जङ्गली याक गाई प्रजातिको जन्तु हो। तराई क्षेत्रमा गौरी गाई पाइए जस्तै उपल्लो हिमाली क्षेत्रमा चौंरी र जङ्गली याक पाइन्छ। 'जङ्गली याक दुर्लभ छ। कठिन भौगोलिक क्षेत्र र हिमाली क्षेत्रमा पाइने भएकाले यसको अध्ययन र अनुसन्धान पर्याप्त हुन सकेको छैन।' वरिष्ठ इकोलोजिष्ट आचार्यले भने, 'अहिले बिस्तारै हवाई यातायात, सडकको पँहुच, प्रविधिको विकासले गर्दा हिमाली वन्यजन्तुसँगै जङ्गली याकको पनि अध्ययन सुरु हुन थालेको छ।' हिउँ चितुवाको र यसको बासस्थान प्रायः एकै क्षेत्रमा हुन्छ। जङ्गली याकको बासस्थान र चरन क्षेत्र हिउँचितुवाको तुलनामा भने सीमित हुन्छ। घरपालुवा चौंरीभन्दा यो शारीरिक बनावटले फरक हुन्छ। घरपालुवा चौंरीको तुलनामा यसको आकार ठूलो हुन्छ, सिङ र रौं फरक हुन्छ। विभागले सार्वजनिक गरेको उक्त तस्बिरसँगै जङ्गली याकको अध्ययन गर्न अनुसन्धानकर्ताको चासो बढेको छ। त्यसमा हामी प्रोत्साहन गर्छौं', आचार्यले भने।

# सु.प. विश्वविद्यालय र दक्षिण कोरियाको जोनबुक युनिभर्सिटीबीच समझदारी

■ नमस्ते समचारदाता
काठमाडौं, कार्तिक/११



नेपालको सुदूरपश्चिम विश्वविद्यालय र दक्षिण कोरियाको जोनबुक नेश्नल युनिभर्सिटीबीच शैक्षिक कार्यक्रममा सहकार्य गर्ने सम्बन्धको समझदारीपत्र आदानप्रदान गरिएको छ। ललितपुरमा शुक्रबारदेखि सुरु भएको अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलनका बीच आइतबार बिहान सुदूरपश्चिम विश्वविद्यालयमा उपकुलपति प्रा. डा. हेमराज पन्त र दक्षिण कोरियाको जोनबुक नेश्नल युनिभर्सिटीका अध्यक्ष डा. ओ बोङ याङबीच हस्ताक्षर भएको पाँचबुँदे समझदारीपत्र आदानप्रदान गरिएको हो। शैक्षिक तथा प्राज्ञिक उन्नयनका लागि दुई विश्वविद्यालयबीच यो समझदारीपत्रमा हस्ताक्षर गरिएको सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. पन्तले जानकारी गराउनुभएको छ। जसमा विश्वविद्यालयको फ्याकल्टी, प्राध्यापक र अनुसन्धानकर्ताहरु आदानप्रदान गर्ने, सुदूरपश्चिम विश्वविद्यालय र जोनबुक विश्वविद्यालयका विद्यार्थीहरु आदानप्रदान गर्ने, दुबै विश्वविद्यालयबीच शैक्षिक सामग्री तथा सूचना आदानप्रदान गर्ने, संयुक्तरुपमा अनुसन्धान सञ्चालन गर्ने, प्राज्ञिक बैठक तथा सेमिनारहरु आयोजना गर्ने पाँचबुँदे समझदारी भएको हो। सन् १९४७ मा स्थापना भएको जोनबुक विश्वविद्यालयका प्रा. डा. ह्याक योङ किमले सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपतिसहित २१ जनाको विद्यावारिधिका लागि सुपरभाइज गरेका छन्। समझदारीपत्र आदानप्रदान गर्दै उनले नेपाली विद्यार्थीहरुको अनुसन्धान कार्यमा सहयोग गर्ने औपचारिक समझदारी भएकोमा खुसी व्यक्त गरेका छन्। सन् २०१० मा स्थापना भएको सुदूरपश्चिम विश्वविद्यालयले पछिल्लो समय अनुसन्धान र अन्वेषणमा जोड दिँदै विद्यार्थीहरुलाई अन्तर्राष्ट्रिय प्राज्ञिक पहुँचका लागि काम गर्दै आएको छ। नेपाल मटेरियल साइन्स सोसाइटीले आयोजना गरेको अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलनलाई पनि सुदूरपश्चिम विश्वविद्यालय सहआयोजकको रुपमा छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# पक्की पुल बन्दै डोल्पाको छलगाडमा

नमस्ते समचारदाता
डोल्पा, कार्तिक/११



डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ मा पर्ने छलगाडमा पक्की पुलको निर्माण कार्य सुरु गरिने भएको छ। भेरिकरिडोर सडक अन्तर्गत पर्ने उक्त पक्की पुलको निर्माण कार्य वाइपी एमआर जेभि भरतपुर चितवनले सुरु गर्ने भएको हो। २०८३ साउन भित्रमा निर्माण कार्य सम्पन्न गरी सक्नुपर्ने छ। अहिले लेआउटको काम अन्तिम चरणमा पुगेको पुल निर्माणको जिम्मेवारी पाएको वाइपी एमआर जेभीका आधिकारिक प्रतिनिधि सागर भट्टराईले जानकारी गराएका छन्। एउटा मात्र स्पाम रहने पक्की पुलको निर्माण अवधि ४२ महिनामध्ये ९ महिना पुलको डिजाइनको समय रहेकोमा डिजाइन लगायत लेआउटको काम सम्पन्न भएको छ। अबको ३३ महिना भित्रमा पुल निर्माण भइसक्ने वाइपी एमआर जेभिका प्रतिनिधि भट्टराईले बताए। छलगाडमा निर्माण हुने पुल ४० मिटर लम्बाई ११ मिटर चौडाइको हुने छ। भेरिकरिडोर सडक खण्डअन्तर्गतको डोल्पाको त्रिपुरासुन्दरी-१ छलगाडमा पुल नहुँदा सवारी आवागमनमा समस्या हुँदै आएको छ। वाइपी एमआर जेभि भरतपुर चितवनले डोल्पामा पर्ने छलगाड, खदाङलगायत जाजरकोटको तल्लु र रुकुम पश्चिमको अनाहज्युला जोड्ने भेरिनदी माथिको पक्की पुल निर्माणको जिम्मेवारी पाएको छ। तल्लु र खदाङमा हाल अस्थायी रूपमा बेलिब्रिज पुल निर्माण भई सवारी साधन सञ्चालनमा छन्। तर छलगाड खोलामाथि बेलिब्रिज पुल नभई एकैसाथ पक्की पुल निर्माण गरिने भएकाले पहिलो प्राथमिकतामा राखेर छिटोभन्दा छिटो निर्माण गर्ने गरी काम सुरु गरिने वाइपी एमआर जेभिका प्रतिनिधिको भनाइ छ। स्थानीय अवरोध लगायत कानुनी समस्या नआएमा आगामी वर्ष २०८२ को असार मसान्त भित्रमा पक्की पुल निर्माण गरी सक्ने निर्माण कम्पनीले जनाएको छ। पुल निर्माणका लागि पर्याप्त बजेट विनियोजन भएको र त्रिपुरासुन्दरी नगरपालिकाका प्रमुख जनचन्द्र रोकाया लगायतको पहल सकारात्मक रहेकाले पुल निर्माण छिटोभन्दा छिटो सम्पन्न गरिने निर्माण कम्पनीका प्रतिनिधि सागर भट्टराईले बताएका हुन्। जाजरकोटको तल्लुबगरस्थित भेरिनदि माथिको पुल डोल्पाको खदाङस्थित हरियापानी र छलगाड खोलामाथि गरी तीन ओटा पक्की पुल निर्माणका लागि ३६ करोडमा वाईपी एमआर जेभि भरतपुर चितवनले ठेक्का पाएको छ।

# चिकित्सा शिक्षा पढ्न सघाउँदै कर्णाली प्रदेश सरकार

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/११




कर्णालीमा चिकित्सकको कमी हुन नदिन कर्णाली प्रदेश सरकारले प्रदेशका नागरिकलाई चिकित्सा शिक्षा पढ्न सहयोग गर्न थालेको छ। प्रदेश सरकारको शिक्षा विकास निर्देशनालय मार्फत चिकित्सा शिक्षा पढिरहेका कर्णालीका विभिन्न जिल्लाका विद्यार्थीलाई छात्रवृत्तिमार्फत सहयोग गर्न थालेको हो। निर्देशनालयले अहिले प्रदेशका चिकित्सा शिक्षा पढ्दै गरेका १० विद्यार्थीलाई छात्रवृत्ति सहयोग गरिरहेको छ। प्रति विद्यार्थी वार्षिक रु चार लाखका दरले छात्रावृत्ति प्रदान गरिएको निर्देशनालयका निमित्त निर्देशक दिपा हमालले जानकारी दिइन्। उनका अनुसार आर्थिक वर्ष २०७९/८० मा रु चार लाखका दरले रु ४० लाख र आर्थिक वर्ष २०८०/८१ मा पनि रु ४० लाख रकम चिकित्सा शिक्षा पढ्ने विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिएको छ। छात्रवृत्ति पाउनेमा कालिकोटका निहान शाही, जाजरकोटका लक्सन शाही, जुम्लाका बिनोद रोकाय, डोल्पाका कमल विष्ट, दैलेखका आदित्य गौतम, रुकुम पश्चिमका विशाल केसी, सल्यानका आकाश अधिकारी र सुर्खेतका राज पोखेल रहेका छन्। यसैगरी, हुम्लाका भुवन बुढा र अंग्मु लामालाई पनि प्रदेश सरकारले छात्रवृत्ति प्रदान गरेको छ। कर्णालीमा चिकित्सक अभाव हुन नदिने गरी प्रदेश सरकारले योजना बनाएको निमित्त निर्देशक हमालले बताइन्। सरकारको मापदण्ड पुरा गरेका विद्यार्थीलाई चिकित्सा शिक्षा पढ्न छात्रवृत्ती प्रदान गरेको उनको भनाइ छ। कर्णालीमा पछिल्लो समय चिकित्सा शिक्षा पढ्ने पनि बढेका छन्। यसका साथै सरकारले इन्जिनियर, सूचना प्रसिधि, भेटेरेनरी, नर्सिङ, कृषि लगायतका प्राविधिक शिक्षा अध्ययन गर्नेहरुलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ। प्रदेश सरकारले रकम अभावले प्राविधिक शिक्षा लिन नपाएका कर्णालीका महिलालाई अध्ययन गर्न 'छोरी बुहारी छात्रवृत्ति' मार्फत सहज बनाएपछि अहिले प्राविधिक शिक्षा पढ्ने महिलाको संख्या बढेको निमित्त निर्देशक हमालले बताइन्। "पछिल्लो समय प्रदेश सरकारले प्राविधिक शिक्षामा जोड दिएको छ, चिकित्सा शिक्षासँगै प्राविधिक शिक्षा पढ्ने गरिब जेहेन्दार विद्यार्थीलाई कार्यविधिअनुसार छात्रवृत्ति मार्फत अध्ययन गर्न सहज बनाएका छौं, यसबाट कर्णालीमा दक्ष जनशक्ति उत्पादनमा सहयोग पुग्छ", उनले भनिन्।

## हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

### सेवा करार सम्बन्धी सूचना

सुचना प्रकाशित मितिः २०८१/०७/११ गते

उपरोक्त विषयमा यस हिमाली गाउँपालिकाको स्थानिय तहका लागि तपशिलको पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन अर्थात मितिः२०८१/०८/१२ गते कार्यालय समयभित्र तोकेको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फारम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइटः www.himalimun.gov.np बाट उपलब्ध हुनेछ।

**शैक्षिक योग्यता र अनुभव**

| विज्ञापन नं. | सेवा करारमा लिने पद | माग संख्या | न्युनतम शैक्षिक योग्यता तथा अनुभव | कैफियत |
|---|---|---|---|---|
| कृषि २०८१/२०८२-०१ | कृषि स्नातक (कृषि विज्ञ) | १ (एक) | मान्यता प्राप्त विश्व विद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उत्तिर्ण भई कम्तिमा १ वर्ष कार्य अनुभव भएको। | |

**आवेदनमा संलग्न गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
३. अनुसूचि ४ अनुसारको पुर्णरुपमा भरिएको फारम
४. दरखास्त बुझाउदा लाग्ने दस्तुर रु.६००।
५, दरखास्त फारम बुझाउनु पर्ने स्थानः हिमाली गाउँपालिका प्रशासन शाखा
द्रष्टव्यः दरखास्त साथ सूचनामा उल्लेखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरि पेश गर्नु पर्नेछ।

कृषि विकास शाखा प्रमुख
नि. प्रमुख प्रशासकिय अधिकृत

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# नेपाली सेनाको नि:शुल्क स्वास्थ्य सेवा



नमस्ते समचारदाता
सल्यान, कार्तिक/११

नेपाली सेनाले दुर्गम क्षेत्रका नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवा दिएको छ। सल्यान सिमखर्कस्थित श्री सिद्धिवक्स गण सल्यानले एक दिने नि:शुल्क स्वास्थ्य शिविरको आयोजना स्वास्थ्य सेवा दिएको हो। सिद्धकुमाख गाउँपालिका १ र २ भडारेमा स्वास्थ्य शिविरको आयोजना गरी सेवा दिएको श्री सिद्धिवक्स गण सिमखर्कका प्रमुख सेनानी कृष्णचन्द्र ठकुल्लाले जानकारी दिनुभयो। उहाँका अनुसार १९ नम्बर वाहिनी तुलसीपुर दाङ र श्री सिद्धिवक्स गण सिमखर्कले एक दिने सेवा दिएको हो। स्वास्थ्य शिविरमा ज्येष्ठ नागरिक, महिला र बालबालिकाले सेवा लिएको नेपाली सेनाले जनाएको छ। शिविरमा विशेषज्ञ डाक्टर सहितको टोलीले ७० जना बिरामीलाई सेवा प्रदान गरेका थिए। शिविर हाडजोर्नी, स्त्रीरोग, बाल रोग, नाक, कान घाटी लगायतको रोगको उपचार गरिएको थियो। नेपाली सेनाबाट पहिलो पटक स्वास्थ्य उपचार सेवा पाएपछि स्थानीयले खुसी व्यक्त गरेका थिए। नेपाली सेना र नागरिकबिच पारस्परिक सम्बन्ध बढाउने उद्देश्य सहित दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालन गरेको उहाँले बताउनुभयो। सेनाको सामाजिक तथा जनहित कार्य अन्तर्गत स्वास्थ्य शिविरको आयोजना गरिएको प्रमुख ठकुल्लाले बताउनुभयो। उहाँले भन्नुभयो, "जिल्लाका सबै स्थानीय तहमा केही न केही जनसेवाको कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ। "सिद्धकुमाख गाउँपालिकाका उपाध्यक्ष रामबहादुर बस्नेतले नेपाली सेनाले पालिकाको दुर्गम स्थानमा स्वास्थ्य शिविर आयोजना गर्नु, जनतासँग सेनालाई जोड्ने रचनात्मक कार्य भएको बताउनुभयो।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके